# चिंगाड गाउँपालिका

## विनियोजन विधेयक, २०७९

चिंगाड गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८०को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केहि रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९

प्रस्तावना : चिंगाड गाउँपालिकाको आ.व.२०७९।०८०को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न बाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चिंगाड गाउँसभाले यो विधेयक बनाएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यस विधेयकको नाम चिंगाड गाउँपालिकाको विनियोजन विधेयक, २०७९ रहेको छ ।

(२) यो विधेयक सभाबाट पारित भएपश्चातप्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९।०८०को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१)आ.व.२०७९।०८०को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्ति अनुसुची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु. ३९ करोड ३८ लाख ९६हजार ८ सय ४० रुपैया (अक्षरुपी.उन्नाचालिस करोड अठिस लाख छयानब्बेहजार आठ सयचालिस रुपैया मात्र) मा नबढाई निर्दिष्ठ गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिन्छ ।

३. विनियोजन : (१) यस विधेयकद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८०को निमित्त चिंगाड गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुन देखिनआएमागाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुगहुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकमा जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा

निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजन रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तान ीखर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अर्न्तगत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तिय वयवस्थाको खर्च व्यहोर्ने एक श्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमो २५ प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ ।